# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल


आ.व.: २०८२/०८३
च.नं.:

## सूचना! सूचना!! सूचना!!!

**विषय: इन्डक्सन चुलो वितरण सम्बन्धमा।**

सिद्धलेक गाउँपालिकाले ऊर्जा दक्षता वृद्धि, दाउरा निर्भरता घटाउने तथा वैकल्पिक ऊर्जाको प्रयोग प्रवर्द्धन गर्ने उद्देश्यले बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, काठमाण्डौंको ७० प्रतिशत अनुदानमा खरिद गरेका इन्डक्सन चुलोहरू "इन्डक्सन चुलो वितरण कार्यविधि, २०८२" बमोजिम वितरण गर्न लागिएको हुँदा देहायका योग्यता पुगेका इच्छुक नागरिकहरूबाट आवेदन आह्वान गरिन्छ।

**१. योग्यता**

क. सिद्धलेक गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्ने।

ख. घरमा ग्यास चुलो वा इन्डक्सन नभएको (पहिलो पटक प्रयोगकर्तालाई प्राथमिकता)।

प्राथमिकता क्रम:

**पहिलो:** अत्यन्त विपन्न (गरिबी परिचयपत्रधारी, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित परिवार)

**दोस्रो:** सामान्य आय वर्गका परिवार

**तेस्रो:** अन्य इच्छुक नागरिक।

**२. प्राथमिकता**

क. पहिलो प्राथमिकता:

- गरिब परिचयपत्रधारी
- दलित परिवार
- एकल महिला
- अपाङ्गता भएका व्यक्ति

ख. दोस्रो प्राथमिकता: सामान्य आय वर्गका परिवार

ग. तेस्रो प्राथमिकता: अन्य इच्छुक नागरिक

**३. आवेदन दिने तरिका**

क. इच्छुक नागरिकले सम्बन्धित वडा कार्यालय वा सिद्धलेक गाउँपालिकाको कार्यालयमा लिखित आवेदन पेश गर्नुपर्नेछ।

ख. आवेदनसँग देहायका कागजातहरू संलग्न गर्नुपर्नेछः

- नेपाली नागरिकताको प्रतिलिपि
- प्राथमिकता समूह प्रमाणित हुने कागजात (भएमा)

अनिशा आचार्य
प्रमुख प्रशासकीय अधिकृत

# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

आ.व.: २०८२/०८३
च.नं.:

**४. छनोट प्रकृया**

क. वडा कार्यालयबाट प्रारम्भिक छानबिन गरी योग्य लाभग्राहीहरूको सूची तयार गरी गाउँपालिकामा सिफारिस गरिनेछ।

ख. गाउँपालिकाको इन्डक्सन चुलो वितरण समितिबाट अन्तिम छनोट गरिनेछ।

**५. मुल्य योगदान**

क. छनोट भएका लाभग्राहीले प्रति थान **रु. ६००/- (अक्षरूपी रू. छ सय मात्र)** गाउँपालिकाको राजश्व खातामा जम्मा गर्नुपर्नेछ।

ख. राजश्व दाखिला प्रमाण पेश गरेपछि मात्र चुलो वितरण गरिनेछ।

**६. आवेदन दिने अन्तिम मितिः** २०८२/१०/१५ गते (कार्यालय समय भित्र)

**७. वितिरण मितिः** वितरण मिति, समय र स्थान अर्को सूचनामार्फत जानकारी गराइनेछ।

**नोटः** यस सूचनासँग सम्बन्धित अन्य व्यवस्था प्रचलित कानून तथा इन्डक्सन चुलो वितरण कार्यविधि,२०८२ बमोजिम हुनेछ।

**थप जानकारीका लागि:** सिद्धलेक गाउँपालिकाको कार्यालय / सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ। सम्पर्क नं. ९८४७७७१२१

.......................
(अनिशा आचार्य)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री वडा कार्यालय (सबै), सिद्धलेक गाउँपालिकाः (निवेदन संकलन गरी सिफारिस गर्नुहुन)।

श्री सूचना प्रविधि शाखा, सिद्धलेक गाउँपालिकाः ( वडा कार्यालयमा मेल गरी फेसबुक पेज तथा वेवसाइटमा अप्लोड गर्नुहुन)।

मितिः २०८२/१०/०९